# आर्थिक वर्ष २०८०।०८१ को पहिलो चौमासिक अवधि सम्मको सार्वजनिक सुनुवाई

मितिः २०८० साल मंसिर २३ गते शनिवार

उर्लाबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ्ग

## चालु आ.व. २०८०।०८१ को पहिलो चौमासिक अवधी (साउन – कार्तिक) मा यस नगरपालिकाबाट भएका केही महत्त्वपूर्ण कार्यहरूको संक्षिप्त विवरणः

- चालु आ.व. २०८०/८१ को बजेट र खर्च सम्बन्धमा
  - कुल स्वीकृत बजेट रु १ अरब ३१ करोड ७० लाख ९६ हजार ५२८ मध्ये पहिलो चौमासिक अवधिसम्म भएको खर्च रकम रु १६ करोड ३० लाख ३९ हजार ९०७ रहेको छ, अर्थात कुल स्वीकृत रकमको १२.३६ प्रतिशत ।
  - जम्मा चालु तर्फ विनियोजित रकम रु. ५८ करोड १३ लाख ७३ हजार ७१९ मध्ये रु १० करोड ८७ लाख ११ हजार ४७६ खर्च भई वित्तिय प्रगति १८.७% रहेको ।
  - जम्मा पूंजिगत बजेट रु ७३ करोड ५७ लाख २२ हजार ८०९ मध्ये रु ५ करोड ४३ लाख २८ हजार ४३१ खर्च भई वित्तिय प्रगति ७.३८% रहेको ।
  - क्षेत्रगत बजेट विनियोजन र चालु आ.व को पहिलो चौमासिक अवधिसम्म भएको खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | वित्तिय प्रगति (%) |
|---|---|---|---|---|
| | | रकम | रकम | |
| १ | आर्थिक विकास | ८,१७,६२,६२५ | २०,४७,८५९ | २.५ |
| २ | सामाजिक विकास | ४१,२४,५६,८५० | ६,६३,५८,५१९.६० | १६.९ |
| ३ | पूर्वाधार विकास | ५८,०८,७६,०५८ | ४,८०,२९,७७७ | ८.२७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८,३०,९५,८७२ | ६६,९१,६४३ | ८.०५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,८९,०५,१२३ | ३,९९,१२,१०८.४४ | २५.१२ |

### १. प्रशासन, कानून निर्माण एवम् संस्थागत विकास तर्फः

- हालसम्ममा ८ वटा नियमित तथा २ वटा बिशेष गरि जम्मा १० वटा नगरसभा अधिवेशन सम्पन्न भएका छन् ।
- हाल सम्म ९८ वटा कार्यपालिका बैठक बसेको छ जसमध्ये यस आर्थिक वर्षमा जम्मा ६ वटा कार्यपालिका बैठक बसेको छ ।
- उपभोक्ता हित संरक्षणका लागि सरोकारवाला निकायहरुको उपस्थितिमा नगरपालिकाबाट मिति २०८०।५।२७, मिति २०८०।०७।०२ र ०३ गतेका दिन संयुक्त बजार अनुगमन गरिएको ।
- नगर कार्यपालिकाको कार्यालयमा राखिएको उजुरी तथा सुझाव पेटिका साप्ताहिकरुपमा खोल्ने गरिएको र चालु आ.व मा जम्मा १ वटा लिखित सुझाव प्राप्त हुन आएको ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्यावधिक गरी कुल दरबन्दी संख्या १८३ स्वीकृत भएकोमा पदपुर्ति संख्या १३२ र रिक्त संख्या ५१ रहेको छ ।
- हालसम्म कार्यपालिका र नगरसभाबाट निम्नानुसारका जम्मा १०० वटा कानुनहरु निर्माण भएका छन् । जसमध्य चालु आ.व. को पहिलो चौमासीक सम्म नियमावली १ र निर्देशिका १ तयार भएका छन् ।

| | | |
|---|---|---|
| क. ऐन | - | ३० वटा |
| ख. आचारसंहिता | - | २ वटा |
| ग. निर्देशिका | - | ८ वटा |
| घ. कार्यविधि | - | ४९ वटा |
| ङ. नियमावली | - | ९ वटा |
| च. नीति | - | १ वटा |
| छ. मापदण्ड | - | १ वटा |

### २) भौतिक विकास तर्फः

- शहरी शासकीय सुधार कार्यक्रम अन्तरगत कृष्णचोक देखि सुनझोडा सामुदायिक वनसम्म जाने सडक स्तरोन्नती योजना कार्यान्वयन प्रकृयामा गएको।
- यस नगरपालिकाको वडा नं. ६ र ८ को आफ्नै सुविधा सम्पन्न कार्यालय भवन निर्माण सम्पन्न गरी नयाँ भवनबाट सेवा प्रवाहको थालनी गरिएको । साथै वडा नं. ७ को भवन निर्माण सम्पन्न भइ सकेको र २७ गते आफ्नै सुविधा सम्पन्न कार्यालय भवन बाट सेवा प्रवाहको थालनी गरिनेछ ।

- उज्यालो उर्लाबारी कार्यक्रम अन्तरगत २५ प्रतिशत लागत साझेदारीमा सडक बत्ति मर्मत कार्य र ५० प्रतिशत लागत साझेदारीमा महसुल भुक्तानीको कार्य भैरेहको ।
- वडा नं. ८ मा रहेको आयुर्वेद भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
- वडा नं ४ को बक्राहा खोलामा रहेको बक्राहा विष्णु- गंगाघाट, वडा नं. ९ मा आधारभूत स्वास्थ्य कार्यलय भवन तथा वडा नं १ अबिरल चौक जाने बाटोको राम्री खोलामा बक्स कल्भर्ट निर्माणको कार्य भई रहेको ।
- उपभोक्ता समिति/टोल विकास संस्था मार्फत हुने योजना कार्यान्वयनलाई ब्यवस्थित बनाउन उपभोक्ता समिति/टोल विकास संस्थाका पदाधिकारी तथा सदस्यहरुलाई अनुशिक्षण कार्यक्रम सुरु भएको साथै वडा कार्यालयहरुमा नै गएर योजना सम्झौता गर्ने कार्यका लागि व्यवस्थापन मिलाइएको ।
- यस चालु आ.व.को पहिलो चौमासिक अबधिभित्र भौतिक पूर्वाधार तर्फका रु १ करोड १५ लाख बराबरका ६ वटा योजनाहरुको कार्यान्वयनका लागि विद्युतिय ठेक्का प्रकृया मार्फत ठेक्का आव्हान गरीएको साथै बाँकी अन्य योजनाहरुको पनि ठेक्का प्रकृयामा जानका लागि तयारी गरिएको ।
- चालु आ.ब.को पहिलो चैमासिकमा उपभोक्ता समितिबाट २८ वटा तथा फर्महरु मार्फत ९ वटा योजना/कार्यक्रमहरु सम्झौता भएकोमा १५ वटा योजना/कार्यक्रमहरु सम्पन्न भई भुक्तानी समेत भई सकेको ।
- यस उर्लाबारी नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने खोलाहरुको ढुंगा गिटी बालुवा (दहत्तर बहत्तर) र सडक पुर्वाधार सेवा शुल्क बापतको ठेक्का दोश्रो पटक टेन्डर आव्हान गर्दा समेत कुनै बोलपत्रदाताले बोलपत्र नहालेको ।

### ३) शिक्षा, युवा तथा खेलकुद विकास तर्फः

- उर्लाबारी नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्र.अ. हरु बीचमा कार्य सम्पादन करार सम्झौता गरिएको ।
- विद्यालयहरुको अनुगमन गरी विद्यालयको भौतिक अवस्था, लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापन लगायतका पक्षहरुको अनुगमन तथा निरीक्षण गरिएको ।
- राष्ट्रिय योजना आयोगबाट शैक्षिक गुणस्तरका लागि आएको कार्यक्रम कार्यान्वयन गर्नका लागि हरेक विद्यालयहरुको आवश्यकता पहिचान गरि कार्य-योजना निर्माणका लागि प्रक्रिया अघि बढाइएको ।
- खेलकूद प्रवर्धन तथा विकासका लागि विनियोजन भएको रकमको बाँडफाँड गरी खेलकूदका कार्यक्रमहरु सञ्चालनमा ल्याइएको ।

४) **स्वास्थ्य सेवातर्फ**

- यस अवधीसम्म जम्मा ५५ जनाको अस्पतालमा विपन्न नागरिक उपचार सिफारिस गरिएको ।
- नगरपालिकाबाट ५१ जनाको प्रदेश सरकारमा विपन्न नागरिक उपचार सिफारिस गरिएको ।
- नगरपालिकाबाट १९ जनालाई उपचार सहायता खर्च रकम वापत जम्मा रु. २६९६००।० प्रदान गरिएको ।
- एम्बुलेन्स भाडा वापत ५ जनालाई जम्मा रु. ४५०००।० प्रदान गरिएको ।
- यसका साथै देहायका कार्यक्रम सञ्चालन गरिएको छ ।

| सि.नं. | कार्यक्रमको नाम | खर्च रकम | कैफीयत |
|---|---|---|---|
| १ | डेङ्गु सम्वन्धि सन्देशमुलक सुचना | १५००० | |
| २ | स्तनपान सप्ताह संचालन | १०००० | |
| ३ | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी | ३५०० | |
| ४ | विश्व रेविज दिवस मनाउने | ५००० | |
| ५ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको बार्षिक समिक्षा | ३३००० | |
| ६ | विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम | ५१८०० | |
| ७ | विश्व आत्महत्या न्युनिकरण दिवस मनाउने | १९८०० | |

५) **सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन सम्बन्धीः**

- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको दैनिक कार्य सम्पादन चुस्त, दुरुस्त एवम् डिजिटल प्रविधिको प्रयोग गरी सञ्चालन गर्न अफिस अटोमेसन सञ्चालनका रहेको ।
- अप्टिकल फाइवर सहितको इन्ट्रानेट जडान गरी सञ्चालनमा ल्याइएको ।
- नगर कार्यपालिकाको कार्यालय सम्पूर्ण शाखा र वडा कार्यालयबिच सहजरुपमा सम्पर्क स्थापित गर्न IP टेलिफोन जडान गरिएको जसले गर्दा निःशुल्क रुपमा सम्पूर्ण शाखा र वडाबिच टेलिफोन सम्पर्क गर्न सकिएको छ ।
- नगरपालिकाबाट ठेक्का प्रणालीलाई प्रभावकारी बनाउन E-bid लाई प्राथमिकताका साथ प्रयोगमा ल्याईएको छ।

- कर भुक्तानी प्रणाली अनलाईन सफ्टवेयर प्रणाली मार्फत सम्पूर्ण वडा कार्यालयबाट हुने व्यवस्था सञ्चालनमा ल्याइएको छ ।
- उर्लाबारी-७, बरगाछीस्थित बसपार्कस्थल, उर्लाबारी-६ स्थित निर्माणाधिन बसपार्कस्थल र बक्राहा खोला पूर्वपट्टी गरी जम्मा ३ वटा स्थानमा सिसिटिभि क्यामेरा जडान गरिएको ।
- नगरबाट भए/गरेका काम कारवाहीको अध्यावधिक विवरणलाई नगरवासीलाई सुसूचित गराउन त्रैमासिकरुपमा स्वतः प्रकाशन नगरपालिकाको वेबसाईट मार्फत प्रकाशन गरिदै आएको ।

**६) कृषि शाखा अन्तरगतः**

**१. सयपत्री फुलखेति प्रवर्द्धन कार्यक्रम संचालन- विनियोजित बजेट रु १,५०,०००।-**

कार्यम्रम संचालानार्थ खर्च रकम रु १,४५,६२०।-

सयपत्रि फुलखेति प्रबर्द्धन कार्यक्रम बाट उर्लाबारी नगरक्षेत्रमा यस बर्ष करिव १ हेक्टर जमिनमा फुलखेति गरिएको। जसमा २ वटा कृषक समुह १ सहकारी संस्था ९ जना कृषकले फुलखेति गरिएको थियो। नगरपालिका बाट फुलखेति गर्ने कृषकलाइ सयपत्री फुलको बीउ,बिषादी,भिटामिन आदि निशुल्क रुपमा उपलब्ध गराइएको थियो।

**२. ५०% अनुदानमा तरकारी को कीउ सहयोग कार्यक्रम (५ कठ्ठाभन्दा माथिका जग्गामा) - रु ५०००००।—**

कार्यक्रम संचालानार्थ खर्च भएको रकम रु ४,७६,५९२।—

उर्लाबारी नगरक्षेत्र भित्रका ब्यवसायिक रुपमा तरकारी खेति गर्ने कृषकहरुलाइ कृषकको माग अनुसार बीउ उपलब्ध गराइएको । जसबाट १९ जना व्यक्तिगत ब्यवसायिक कृषक, ७ वटा कृषक समुह र ६ वटा कृषि फर्म लाभान्वित भएको ।

**३. च्याउखेतिको लागि पराल बफाउने ड्रम वितरण ७५% अनुदानमा - विनियोजित बजेट र १,४०,०००।—**

कार्यक्रम संचालानार्थ खर्च भएको रकम रु १,२७,५००।—

च्याउ उत्पादन ब्यवसायिक रुपमा गर्ने कृषकलाई २ वटा पराल बफाउने ड्रम वितरण गरिएको । जसबाट ब्यवसायिक उत्पादक कृषकलाइ सहयोग पुगेको।

**४. माटो परिक्षणको लागि सचेतना गोष्ठी (सबै वडामा) - विनियोजित बजेट र १,५०,०००।—**

कार्यक्रम संचालानार्थ खर्च भएको रकम रु१,४९,८००।—

कृषिमा माटोको महत्व, माटो परिक्षण किन, माटोको नमुना संकलन बिधी र प्रयोगशालामा माटो पठाउदा लेख्नुपर्ने कुराहरु आदि विषयमा सबै वडा-वडामा गएर ३१५ सदस्य कृषक सहभागि भइ सचेतनामुलक गोष्ठी सम्पन्न गरिएको ।

**५. ७५% अनुदानमा मकै रोप्ने मेशिन वितरण कार्यक्रम - विनियोजित बजेट रु ५,००,०००।—**

कार्यक्रम संचालानार्थ खर्च भएको रकम रु४,५६,०००।—

मकै रोप्ने मेशिन बाट मकै रोप्दा करिव रोपाइ खर्चमा लाग्ने ७०% लागतमा कमि भएको । मकै रोप्ने मेशिन जम्मा १५२ वटा वितरण गरिएकोमा १३९ वटा कृषक समुह ७ वटा कृषि फर्म र ६ जना ब्यक्तिगत कृषक लाभान्वित भएको।

**६. ५०% अनुदानमा प्लास्टिक मल्चिङ वितरण - विनियोजित बजेट रु२,५०,०००।—**

कार्यक्रम संचालानार्थ खर्च भएको रकम रु २,१४,०००।—

५ कठ्ठा भन्दा बढी जमिनमा ब्यवसायिक रुपमा तरकारी खेति गर्ने कृषक र खर्बुजा खेति गर्ने ईच्छुक कृषकलाइ १०७ रोल मल्चिङ वितरण गरिएको । जसमा २५ जना ब्यक्तिगत कृषक,६ वटा कृषक समुह, ९ वटा कृषि फर्म र १ वटा सहकारी संस्था लाभान्वित भएको।

**७. ५०% अनुदानमा तरकारीको बीउ वितरण (वडा नं ४,६ र ७ नं) विनियोजित बजेट रु ८५०००।—**

कार्यक्रम संचालानार्थ खर्च भएको रकम रु ७७८०५।—

करेसाबारी तरकारी खेति गर्ने कृषकलाइ वडाको सिलिङ बजेटबाट ५०% अनुदानमा सिजनल तरकारीको बीउ वितरण गरियो जसमा ३ वटा कृषि फर्म,२३ वटा कृषक समुह र ८१ जना ब्यक्तिगत कृषकले तरकारीको बीउ बुझिलिएको र हाल तरकारी उत्पादनको क्रममा ।

**८. ५०%अनुदानमा बर्णशंकर मकैको बीउ वितरण (वडा नं ४,५,६,८ र९)—बिनियोजित बजेट रु२२,२०,०००।**

कार्यक्रम संचालानर्थ खर्च भएको रकम रु २२१७९६०।—

जम्मा टि.एक्स १२७२ के.जि र पायनियर ३३९६ जातको २१९२ के.जि वितरण गरिएको । जसमा १९ वटा कृषक समुह २ वटा कृषि फर्म र ११०६ जना कृषकले उक्त बीउ प्राप्त गरेको।

**९. ५०% अनुदानमा गहुँको बीउ वितरण कार्यक्रम (संघिय सरकार) - विनियोजित बजेट रु १०,७५,०००।—**

कार्यक्रम संचालानार्थ खर्च भएको रकम रु २,५२,०००।—

गहुँखेति गर्न प्रस्ताव माग गर्ने कृषकहरुलाइ ७००० के.जि गहुँको बीउ वितरण गरिएको जसमा १२ वटा कृषक समुह र ४२ जना ब्यक्तिगत कृषक लाभान्वित भएको ।

**७) पशु स्वास्थ्य विकास कार्यक्रम तर्फ**

- पशुस्वास्थ प्रर्बधन कार्यक्रम अन्तर्गत ५२७१ पशपन्छीहरुको उपचार तथा परजिबि विरुद्ध औषधि उपचार गरिएको ।
- रोग निदान/प्रयोगशाला सेवा अन्तर्गत गोबर परिक्षण/थुनेलो रोग पहिचानको लागी दुध परिक्षण/रगत परिक्षण समेत १९१ संख्यामा गरिएको ।
- रोग निरोधक खोप कार्यक्रम अन्तर्गत रेबिज खोप १७४ डोज र लम्पी स्कीन डिजिज खोप ३०५० डोज लगाइ सम्पन्न गरिएको ।
- पशु नस्ल सुधार कार्यक्रमः ५१० पशुहरुमा कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिएको ।
- कृषकहरुको पशुजन्य उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गरि पशु आहारा बिकास कार्यक्रम सञ्चालन अन्तर्गतः हिउदे जै ७२०० केजी , राई घाँस ३५० केजी र बर्षिन ३५० केजी बिउ बितरण लक्ष्य अनुसार सञ्चालन गरिएको ।

**८) महिला बालबालिका ज्येष्ठ नागरिक तथा सामाजिक विकास कार्यक्रम तर्फः**

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमूखीकरण र लैससास परिक्षण ३ दिने नगर स्तर कार्यक्रम ४० जना सहभागीहरुलाइ संचालन गरियो ।
- प्रत्येक वडामा गठन भएका महिला समिति अध्यक्ष वा सचिव माझ चौमासिक वैठक अलग अलग २ दिन १ दिने नगरस्तर कार्यक्रममा ८८ जना सहभागी लाभान्वित भएको पाइयो ।
- वडाका म.वि.स. सदस्यहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लैंगिक हिंसा सम्बन्धी अभिमूखीकरण कार्यक्रमबाट १०७ जना लाभान्वित भएको पाइयो ।
- उप मेयर सँग किशोर किशोरी कार्यक्रम (हिंसा र कुरीति सम्बन्धी ) ५ वटा विद्यलयमा ३१४ जना विद्यार्थी लाभान्वित भएको पाइयो ।
- ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रममा २७ जना ज्येष्ठ नागरिकहरुलाई सम्मान गरियो ।

**१२) भवन तथा बस्ती विकास तर्फः**

- चालु आ.व. को पहिलो चौमासीक सम्ममा
  - नयाँ घर निर्माण इजाजतका लागि निबेदन दर्ता - ३९,
  - निर्माण इजाजत लिएको ( निर्माणधीन)- १०,
  - भवन निर्माण सम्पन्न प्रमाण पत्र जारी- ५५
  - नामसारी प्रमाण पत्र जारी संख्या- ९
  - पुरानो घर नक्सा अभिलेखिकरण सम्पन्न- १०

## १३) सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः

- उर्लाबारी नगरपालिका भित्र बसोबास गर्ने नेपाल सरकारले तोकेका ७ किसिमका लक्षित समूहहरुलाई त्रैमासिक रुपमा भत्ता वितरण गर्दै आइरहेको छ । चालु आ.व. को पाहिलो चौमासीक सम्ममा यस नगरपालिकाबाट जम्मा ६७५० लाभग्राहीहरुलाई रु. ६ करोड ८५ लाख ०४ हजार ३२५ बैंक मार्फत वितरण गरिएको छ ।

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्य को संख्या | दर्ता संख्या | सदस्य को संख्या | |
| १ | १६ | १८ | ३४ | १३ | ४ | १७ | ५ | १९ | १० | २१ | १८ | ४४ | १०३ |
| २ | २० | २८ | ४८ | १५ | ९ | २४ | १ | २२ | २३ | ६७ | १२ | २६ | १३० |
| ३ | १९ | १६ | ३५ | १२ | १२ | २४ | १ | १५ | २० | ५६ | ९ | २३ | १०४ |
| ४ | १५ | १८ | ३३ | ११ | ६ | १७ | २ | २२ | ३४ | ९५ | ९ | २३ | ११७ |
| ५ | ९ | १० | १९ | १ | २ | ३ | ३ | ७ | १३ | २५ | ६ | १६ | ५१ |
| ६ | २१ | १४ | ३५ | ६ | २ | ८ | ४ | २२ | १५ | ४५ | ९ | २५ | ९३ |
| ७ | २१ | २७ | ४८ | ११ | ११ | २२ | ५ | २२ | १५ | ५० | १० | ३० | १२२ |
| ८ | २२ | १८ | ४० | १४ | ८ | २२ | ३ | १७ | २२ | ७० | ७ | १५ | १११ |
| ९ | १९ | १६ | ३५ | १३ | ९ | २२ | ३ | २५ | ६ | १७ | १३ | ३१ | १०४ |
| जम्मा | १६२ | १६५ | ३२७ | ९६ | ६३ | १५९ | २७ | १७१ | १५८ | ४४६ | ९३ | २३३ | ९३५ |

## १४) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः

- श्रममुलक योजना संख्या = २७ जसमा कुल बजेट = ४६,११,००० ।
- ३ वटा आयोजना सम्झौता भई काम सुरु भएको ।
- श्रम स्विकृति तथा पुनः श्रम स्विकृतिका निम्ति सहजिकरण गरि हाल ६० जना व्यक्तिलाई पुनःश्रम स्विकृति पत्र दिइएको ।
- वैदेशिक रोजगारीमा गएको व्यक्तिको परिवारलाई वैदेशिक रोजगार बोर्डवाट मृत्युको क्षतिपुर्ति रकम २ जना व्यक्तिलाई र पारिवारिक स्वास्थ्य उपचारको लागि सहजिकरण गरि ३ जना व्याक्तिलाई आर्थिक सहयोग दिलाएको।

## १५) आन्तरिक राजश्व संकलन तर्फः

- चालु आ.व.को पाहिलो चौमासीक मा आन्तरिक राजश्व तर्फ रु. ८ करोड ५७ लाख १६ हजार ९९९ अनुमान गरिएकोमा कुल अनुमानको २५.७८ प्रतिशत रु. २ करोड २० लाख ९८ हजार ६८९ संकलन भएको ।

| | गत आ.व. श्रावण १ देखि कार्तिक मसान्त सम्मको आय | यस आ.व. श्रावण १ देखि कार्तिक मसान्त सम्मको आय | प्रतिशत |
|---|---|---|---|
| नगरपालिका | ४४,८७,३५५.४६ | २६,८०,२१५.५५ | |
| वडा न. १ | ९,३६,०८१ | १०,८१,४८४.५९ | १३.४४ |
| वडा न. २ | ८,३६,१५४.५१ | १०,१६,७५३.०४ | १७.७६ |
| वडा न. ३ | ११,५७,६२६.३५ | १६,६५,०६४.६२ | ३०.४८ |
| वडा न. ४ | १८,६१,८६०.६१ | २५,४५,०५७.५ | २६.८४ |
| वडा न. ५ | १२,४१,८९४.८२ | २२,५०,१४६.४ | ४४.८१ |
| वडा न. ६ | ११,९९,७२९.६२ | १७,५४,६३१.६६ | ३१.६२ |
| वडा न. ७ | २७,६४,१३७.९५ | ३४,८५,७०१.५९ | २०.७० |
| वडा न. ८ | ९,५७,३६०.७२ | १५,७१,०४०.४९ | ३९.०६ |
| वडा न. ९ | १६,०८,३४५.८७ | १६,६४,०३८.२५ | ३.३५ |

**१६) सेवा प्रवाह तर्फः**

- चालु आ.व को मिति २०८०/०७/३० सम्म वडाबाट दैनिक सेवा प्रवाहमा विभिन्न प्रकृतिका जम्मा संख्या ४,४५२ वटा सिफारिस गरिएको ।

**१७) न्यायिक समितिबाट भएका कार्यः**

१. मुद्दाको विवरण : मिति २०८० साल साउन १ गतेदेखि २०८० साल कार्तिक मसान्तसम्म यस नगर न्यायिक समितिमा दर्ता भएका विवादहरुको विवरण तपशील बमोजीम रहेको छ ।

क) स्थानीय सरकार संचालन ऐन, २०७४ का दफा ४७(१) का विवादहरु : १ वटा

ख) स्थानीय सरकार संचालन ऐन, २०७४ का दफा ४७(२) विवादहरु : ८ वटा

१) पारिवारीक विवाद दर्ता २ वटा दर्ता भई १ समाधान १ वटा प्रक्रियामा रहेको

२) ज्येष्ठ नागरीक सम्बन्धी विवाद दर्ता १ भई प्रक्रियामा रहेको

३) जग्गा खिचोला/किचोला सम्बन्धी विवाद ३ दर्ता भई १ समाधान भएको २ वटा प्रक्रियामा रहेको

४) ज्याला मजदुरी सम्बन्धी विवाद १ दर्ता भई प्रक्रियामा रहेको

५) करार सम्बन्धी विवाद १ वटा दर्ता भई १ प्रक्रियामा रहेको

६) आर्थिक लेनदेनको विवाद १ दर्ता भई समाधान भइसकेको

समाधान भएको विवादको संख्या : ३

प्रक्रियामा रहेका : ६

ग) नगरपालिकाबाट दर्ता भएका र नगरपालिकाको विरुद्ध सम्मानित उच्च अदालत र जिल्ला अदालत विराटनगरमा दर्ता भएका मुद्दाको विवरणः

- जम्मा मुद्दा संख्या — १३
- फैसला भएको — १
- हाल चलिरहेका मुद्दा — १२

जसमध्ये १ वटा नगरपालिकाको तर्फबाट दर्ता भएको हो भने १२ वटा नगरपालिकाको विरुद्ध दर्ता भएको ।

**१८) राष्ट्रिय भूमि आयोग, स्थानीय सेवा केन्द्रबाट भएका कार्यः**

- अधुरा कार्य अन्तर्गत निवेदनहरुको प्राविधीक प्रतिवेदन तयारी हुदै गरेको, ८ जनाको जग्गा धनी प्रमाण पुर्जा वितरण भइसकेको तथा ३५० भन्दा बढी निवेदकको प्रविधिक प्रतिवेदन बनेर जिल्ला समिति समक्ष पेश भइसकेको र २०५ निवेदनको अन्तिम हकदावीको सुचना समेत प्रकाशन भइसकेको ।
- उर्लाबारी वडा नं ४ अन्तर्गत साविक मधुमल्ला ५'घ', ५ 'च' ,५ 'ञ' तथा ९ 'च' र वडा नं. १ को साविक मधुमल्ला सिट ८ 'ख', ८ 'ग' र ३ 'ख' को अधुरा तथा अव्यवस्थित दुबैको नापजाँचको कार्य अगाडी बढाइएको ।
- उर्लाबारी भरी नापजाँच गर्नुपर्ने क्षेत्रफल (फारम भरेको आधारमा)

| वडा नं | अव्यवस्थित बसोबासी | | | भूमिहीन दलित | | | भूमिहीन सुकुम्बासी | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिगाहा | कठ्ठा | धुर | बिगाहा | कठ्ठा | धुर | बिगाहा | कठ्ठा | धुर | बिगाहा | कठ्ठा | धुर |
| १ | ३८० | १५ | १८ | ० | १७ | १० | ६ | १० | १२ | ३८८ | ४ | ० |
| २ | ११६ | १३ | १४ | ० | ३ | १० | ० | १५ | २ | ११७ | १२ | ६ |
| ३ | ४३ | ४ | १ | ० | १७ | १६ | ९ | १९ | ९ | ५४ | १ | ६ |
| ४ | १३४ | ३ | ४ | ० | ६ | १० | २ | ८ | १२ | १३६ | १८ | ६ |
| ५ | १३ | ४ | १७ | ० | ७ | १८ | ० | १८ | १८ | १४ | ११ | १३ |
| ६ | १० | ६ | १ | ० | ० | १६ | १ | ० | ३ | ११ | ७ | ० |
| ७ | १३ | १८ | १२ | ० | ० | १५ | ० | १ | ३ | १४ | ० | १० |
| ८ | १७७ | १ | ३ | ० | ० | ० | ० | ० | ० | १७७ | १ | ३ |
| ९ | १५९ | ५ | १७ | ० | १ | ५ | ० | ७ | ७ | १५९ | १४ | ९ |
| **जम्मा** | १०४८ | १३ | ७ | २ | १६ | ० | २२ | १ | ६ | १०७३ | १० | १३ |

- उर्लाबारी भरी नापजाँच भएको जग्गाः

| वडा नं | अव्यवस्थित बसोबासी | | | नाप नक्सा भइसकेको | | |
|---|---|---|---|---|---|---|
| | बिगाहा | कठ्ठा | धुर | बिगाहा | कठ्ठा | धुर |
| १ | ३८० | १५ | १८ | १५० | ० | ० |
| २ | ११६ | १३ | १४ | २ | ० | ० |
| ३ | ४३ | ४ | १ | ० | ० | ० |
| ४ | १३४ | ३ | ४ | ९० | ० | ० |
| ५ | १३ | ४ | १७ | ० | ० | ० |
| ६ | १० | ६ | १ | ० | ० | ० |
| ७ | १३ | १८ | १२ | ० | ० | ० |
| ८ | १७७ | १ | ३ | ० | ० | ० |
| ९ | १५९ | ५ | १७ | ० | ० | ० |
| जम्मा | १०४८ | १३ | ७ | २४२ | ० | ० |

- 

**१९) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिक पुनःएकिकरण (रेमी) परियोजनामा भएका कार्यः**

- १ पटक परियोजना कार्यन्वयन समितिको बैठक बसियो ।
- ३ वटा वडाहरु (वडा नं. ५,६ र ७) मा वैदेशिक रोजगारबाट फर्केका ब्यक्तिहरुको वडा स्तरिय संजाल गठन गरियो ।
- ३ वटा वडाहरु (वडा नं. ५,६ र ७) मा वैदेशिक रोजगारबाट फर्केका ब्यक्तिहरुको पुनः एकिकरण कार्यक्रम (रेमी) परियोजनाको बारेमा अभिमुखीकरण कार्यक्रम संचालन / रेमी परियोजना बारे जानकारी गराइयो ।
- वैदेशिक रोजगारी बाट फर्किएका ३६ जना ब्यक्तिहरुको द्रुत मुल्याङ्कन फारम भर्ने कार्य गरियो ।
- वडा नं. ५,६ र ७ मा वैदेशिक रोजगारी बाट फर्किएका १९ जना व्यक्ति र तिनका परिवारसंग भेटघाट र कार्यक्रम बारे जानकारी गराइयो र व्यक्तिगत मूल्याङ्कन फारम भरियो।
- ८ जना वैदेशिक रोजगारि बाट फर्किएका व्यक्ति र परिवार संग बसि परिवारको पुनः एकिकरण योजना बनाइयो ।
- पशु व्यवसाय गरिरहेका ८ जना रिटर्नीहरुलाई पशु शाखाले राखेको अनुदान कार्यक्रमका लागि व्यक्तिगत सूचना तथा रेफर।
- वैदेशिक रोजगारबाट फर्केर व्यवसाय गरिरहेका ८ जना व्यक्तिहरुलाई व्यवसाय बिस्तार सम्बन्धी तालिममा सहभागिताका लागि समन्वय र रेफर।

२०) **आपतकालिन कार्यसञ्चालन केन्द्र तर्फः**

- उर्लाबारी नगर कार्यपालिकाको कार्यालयमा २४ सैं घण्टा आपतकालिन सेवा सहितको (आगलागी ,डुबान,कटान) आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालनमा रहेको ।
- उर्लाबारी नगरपालिकाबाट सञ्चालनमा रहेको बारुणयन्त्रबाट नगरक्षेत्रका जम्मा १८ वटा र नगरक्षेत्र बाहिरका जम्मा ७ वटा आगलागीका घटनामा नियन्त्रणको कार्य गरिएको ।
- नगरपालिकाको शववाहनबाट जम्मा संख्या ३० जनालाई सेवा प्रदान गरिएको ।

२०) **नगर प्रहरी तर्फः**

- उर्लाबारी नगर कार्यपालिकाको चोक बजारलाई दैनिक रुपमा भिडभाड भई सवारी साधनलाई व्यवस्थीत गरी सवारी दुर्घटना लाई न्युनीकरण गर्ने उदेस्यका साथ पार्कीङ बनाइ १२५ थान फलामका विभिन साईजका वोर्ड बनाई राखिएको ।
- यस उर्लाबारी नगरपालिकाको मूख्य चोक देखी दक्षिण इटहरा रोड बरगाक्षी सम्म लाई १५/१५ दिनको रुरिङ मिलाई पार्किङको व्यवस्था गरिएको ।
- उक्त रोकन निरोधीत स्थानमा रोकने तथा पार्कीङ गर्ने निम्न अनुसारका सवारीहरु लाई कार्वाही तथा जरिवाना गरिएको ।
    - मोटर साईकल / स्कुटर - १२४ वटा कार्वाही
    - जिप, कार, भेन - ४ वटा कार्वाही
    - टयाक्टर - १२ वटा कार्वाही
    - सिटी सफारी - ५ वटा कार्वाही
    - टिफर - १ वडा कार्वाही

    जस बाट २,३८,७०० रकमको राजश्व संकलन भएको ।
- यस उर्लाबारी नगरपालिका क्षेत्रभित्र भइ बहने खोलाहरुको दहत्तर बहत्तर ठेक्का नलागेका कारण कामदार/कर्मचारी खटाई बिल निकाशी कर काटने क्रममा देहाय अनुसारको रकम संकलन भइ राजश्व दाखिला गरिएको ।
    - मावा खोलाबाट उठेको रकम रु ३,२८,७०४.०६ पैसा
    - बक्राहा खोलाबाट उठेको रकम रु १,४४,४१२.७५ पैसा

    कुल जम्मा संकलित रकम रु ४,७३,१३६.८१ पैसा